# आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम

मोदी गाउँपालिका
पातिचौर, पर्वत
२०७७, असाढ १०

**गाउँ सभाका सदस्यज्युहरु,**

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस ( कोभिड – १९) को सक्रमणबाट मानव जातिमाथी अकल्पनीय सकट आईपरेको छ । कोरोना महामारी रोकथाम नियन्त्रण र मानव जातिको जीवन रक्षाको लागी गाउँपालिका आफ्नो सम्पूर्ण स्रोत साधन र क्षमताको प्रयोग गर्दै आईरहेको छ । यस विषम परिस्थितिमा म आर्थिक वर्ष २०७७।७८ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

२. गाउँको विकास र समृद्धिका लागि स्थानीय तहहरु सञ्चालनमा आई संघीय लोकतान्त्रीक गणतन्त्र, संघीय, प्रदेश तथा स्थानीय तहहरु संस्थागत भएका छन् । जनमतद्वारा स्थापित भएको गाउँ सभाको "मोदी गाउँपालिकाका विकासका पाँच आधार , जल विद्युत, कृषि, पर्यटन, पर्यावरण र भौतिक पूर्वाधार" भन्ने मूल मन्त्र र कोरोना रोकथाममा केन्द्रित हुदै यस नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

३. राष्ट्रलाई निरङ्कुश सामान्ती शासनप्रणलीको अँध्यारो युगबाट जनताका प्रतिनिधिमार्फत राज्य संचालन गर्ने सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुर्‍याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति श्रद्धाञ्जली ब्यक्त गर्दछु । राष्ट्रियता, राष्ट्रिय हित एवं स्वाभिमान, लोकतन्त्र र जनजीविकाको आन्दोलनको नेत्तृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान ब्यक्त गर्दछु, नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनुभएको योगदानको स्मरण गर्न चाहन्छु ।

४. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसबाट स्वदेश तथा विदेशमा आफ्नो अमुल्य जीवन गमाउनुभएका सम्पूर्ण दाजुभाई तथा दीदिबहिनीहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु । साथै कोरोना भाइरसबाट संक्रमितको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु र यस महामारीको अवस्था विश्वबाटनै छिट्टै हटेर जाओस भनी प्रार्थना समेत गर्दछु । केहीदिन पहिले छिमेकी स्थानीय तह कुश्माको दुर्लुङमा गएको पहिरो बाट ज्यान गुमाउने दुई परिवारका नौ जनाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

५. कोरोना भाइरसको रोकथाम नियन्त्रणमा हालसम्म सहयोग गर्ने सम्पूर्ण सरकारी गैरसरकारी संघसंस्था, व्याक्ति तथा आम जनसमुदायप्रित हार्दिक आभार व्यक्त गर्दछु । साथै सक्रमणको कुनै प्रवाह नगरी नागरिकको जीवन रक्षा र सेवा प्रवाहमा खट्नुहुने स्वाथ्यकर्मी, कर्मचारी, सुरक्षाकर्मी तथा जनप्रतिनिधिहरुको कामको उच्च मुल्यांकन गर्दै आगामी दिनमा समेत यस्तै प्रकारको सहयोगको अपेक्षा गर्दछु ।

६. हालै नेपाल सरकारले नेपालको भूमी लिम्पियाधुरा, कालापानी र लिपुलेक समावेश गरी नेपालको नयाँ नक्सा प्रकाशन गरेको र संविधान संसोधन मार्फत नेपालको निशाना छापमा भएको नेपालको नक्सामा समेत उक्त भुमीलाई समावेश गरेको एतिहासिक र साहसिक कार्यको स्वागत गर्दै मोदी गाउँपालिका उक्त कार्यप्रति पूर्णरुपमा एक्यवद्धता जनाउदै गुमेको भुमी छिट्टै फिर्ता होस भनि शुभकामना व्यक्त गर्दछु ।

**गाउँ सभाका सदस्यज्यूहरु,**

७. स्थानीय तहको निर्वाचन भएको ३ वर्ष पूरा भएको छ । सिमित स्रोतसाधनका बावजुत जनताका असिमित आवश्यकता पूरा गर्न हामी जनप्रतिनिधिको रुपमा निरन्तर लागिरहेका छौ । शुन्यबाट सुरु गरेर हालसम्मको अवस्थामा आइपुग्नु कम

चुनौतिपुर्ण थिएन । यस विचमा निरन्तर आफ्नो क्षमताको उच्चतम प्रयोग गर्दै जनताको सेवा र विकासमा खट्नुहुने जनप्रतिनिधि, कर्मचारी एवम सहयोगी निकायहरुप्रति आभारी छु ।

८. गाउँपालिकाको केन्द्र टुङ्गो लगाईसकेका छौ । गाउँपालिकाको ६ कोठे भवन निर्माण सम्पन्न भई छरिएर रहेका विषयगत शाखाहरु हाल आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेका छन भने गाउँपालिकाको सुविधासम्पन्न मुख्य प्रशासनीक भवनको टेण्डर प्रक्रिया सम्पन्न भई ठेक्का सम्झौता भईसकेको छ । साथै तिन वटा वडा कार्यालय भवन सम्पन्न भई आफ्नै भवनबाट सेवाप्रवाहको काम भईरहेको छ ।

९. गाउँपालिकाको पहल तथा केन्द्र तथा प्रदेश सरकारसँगको सझेदारीमा गाउँपालिकाका केही मुख्य सडक पिच हुने क्रममा रहेका छन । गाउँपालिकाले गाउँपालिकाभित्रका सडकहरुको नियमित मर्मत सम्भार, स्तरोन्नति तथा धेँरैजसो बस्ति स्तरमा पुग्ने सडकहरुको नयाँ ट्रायक ओपनिङ गरेको छ । खेती योग्य जमिनमा सिंचाई नहर तथा केन्द्र तथा प्रदेश सरकारको समन्वयमा एक घर एक धारा लगायतका खानेपानीका आयोजनाहरु चालु अवस्थामा रहेका छन ।

१०. गाउँपालिकाको सहयोगमा विभिन्न विद्यालयको भौतिक संरचना निर्माण भएका छन । त्यस्तै गुणस्तरीय शिक्षाको लागी मिदास एजुकेशन प्रा लि संग सम्झौता गरी गुणस्तरीय शिक्षा कार्यक्रम १० वटा विद्यालयमा प्रारम्भ भएको छ । सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण वृद्धि गर्न तथा विद्यालय आवतजावतमा सहजीकरण होस भनी श्री नवजागृत उच्च मावि मा स्कुल बसको व्यवस्थापन गरिएको छ । मावि तहमा दरबन्दी नभएका ४ वटा विद्यालयमा एक एक वटा शिक्षक दरबन्दी बराबरको रकम अनुदान उपलब्ध गराइएको छ ।

११. स्वास्थ्य संस्थामा नेपाल सरकारले निशुल्क गरेका औषाधीको पर्याप्त व्यवस्था गर्नुका साथै सवै स्वास्थ्य संस्थामा इन्टरनेट, कम्प्यूटर प्रिन्टर समेतको व्यवस्था गरी सेवा सुदृढिकरणमा जोड दिइएको छ । मोदी १ भुकमा ल्यावको स्थापना तथा मोदी ६ गिज्यानमा सामुदायिक स्वास्थ्य ईकाइको स्थापना गरि सेवालाई थप सहज बनाइएको छ । मोदी गाउँपालिकामा विशेषज्ञ सहितको वृहत स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

१२. गाउँपालिकामा प्रदेश तथा केन्द्र सँगको सहलगानीमा मोदी ६ तिलाहार र मोदी २ देउपुरमा बहुउदेश्यीय खेलकुद मैदान तथा बहुउदेश्यीय सभाहल निर्माणाधिन अवस्थामा रहेका छन । त्यस्तै मोदी ८ चित्रेलाई बालमैत्री वडा घोषणा गरिसकिएको छ ।

१३. साना कृषकलाई प्रोत्साहन हुने किसिमले कृषि यान्त्रिकरण, बीउ ,नर्सरी स्थापना ,भकारो सुधार, साना सिंचाइ ,माछा पालन आदीमा विभिन्न अनुदानका कार्यक्रमसञ्चालन गरिएको छ ।

१४. मोदी गाउँपालिकाका करिब ४०० लघु उद्यमीहरुलाई लघु उद्यम कार्यक्रममा आवद्ध गरि सिप तथा प्रविधिको हस्तान्तरण गरिएको छ । उद्यमीहरुको उत्पादन सहजरुपमा विक्रीवितरणको लागी मोदी कोसेली घरको स्थापना गरिएको छ ।

१५. विभिन्न पर्यटकीय स्थलमा पदमार्ग निर्माण, साम्भाव्यता अध्ययन, तथा संरक्षण र प्रर्वद्धन गरिएको छ । १८ स्थानमा होमस्टेको विकास तथा प्रर्वद्धन गरिएको छ । त्यस्तै राष्ट्रिय सभाका सम्मानीय अध्यक्षज्यु, माननीय सांसद तथा गण्डकी प्रदेश सरकार उद्योग पर्यटन वन तथा वातवरण मन्त्रालयका माननीय मन्त्री सहित करिव ५०० जनाको

उपस्थितिमा जलजला क्षेत्रको अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको छ । स्पेनको प्रदेश सरकारको पर्यटन मन्त्री , राष्ट्रिय सभाका सम्मानीय अध्यक्षज्युसहितका पाहुना द्धारा डाँडा कमेरेको पर्यटकीय विकासको लागी अवलोकन भ्रमण र वृहत कार्यक्रम सम्पन्न भएको छ । चिनको हुवेई प्रान्तको सियान सहरसँग भगिनि सम्बन्ध कायम गर्न पहिलो चरणको छलफल पोखरामा सम्पन्न भएको र भगिनी सम्बन्ध कायम गर्न प्रदेश सरकारको अनुमति प्राप्त भई संघीय सरकारमा पेश भई सकेको छ ।

१६. सेवा प्रवाहलाई सुचना प्रविधि मार्फत छिटो छरितो, गुणस्तरीय र पारदर्शि बनाउन कार्यालयको वेभपेज निर्माण तथा नियमित अपडेट गर्ने कार्य प्रारम्भ भएको छ । न्यायिक समित मार्फत विवादको समाधान भईरहेका छ । त्यस्तै लेखा समिति, विद्येयक समिति आन्तरिक नियन्त्रण  समिति लगायतका विभिन्न समितिहरु गठन गर्ने कार्य समेत गरिएको छ ।

१७. कोरोनारोकथाम तथा नियन्त्रणको लागी सचेतनामुलक कार्यक्रम, हेल्थ डेस्क सञ्चालन, क्वारेन्टाइन निर्माण, राहत वितरण, सामुयिक मेस सञ्चालन, अलपत्र पैदलयात्रुलाई गन्तव्यमा पुर्याउन यातयातको व्यवस्था, प्रकोप व्यवस्थापन कोषको स्थापना लगायत विभिन्न कामहरु भईरहेका छन ।

**गाउँसभाका सदस्यज्यूहरु,**

१८. विगतको अनुभव, विषम परिस्थिति, सीमित स्रोतसाधन र जनताका मागका आधारमा आगामी आर्थिक वर्षको लागि विभिन्न विषयगत क्षेत्रमा निन्नानुसारका नीति तथा कार्यक्रम तय गरेको छु ।

## कोभिड १९ रोकथाम र नियन्त्रण

१९. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को रोकथाम नियन्त्रणको लागी स्वास्थ क्षेत्रको सुदृढिकरण, स्वास्थ्यकर्मीको मनोबल उच्च बनाउने, आवश्यक स्वास्थ्य र सुरक्षाका सामाग्रीको प्रर्याप्त व्यवस्था गर्ने, आवश्यक क्वारेन्टाइन र आईसोलेसन निर्माण गर्ने, परीक्षणको दायरा फराकिलो बनाउन समन्वय गर्ने, स्वदेश तथा विदेशमा अलपत्र परेका मोदीबासीको उद्धार गर्ने तथा कोरोना भाइरसबाट प्रवाहित अति विपन्न परिवारलाई राहत उपलब्ध गराईदै स्वदेश तथा विदेशमा रोजगारी गुमेकाहरुको लागी विशेष कार्यक्रम मार्फत रोजगारी सिर्जना तथा स्वरोजगार बनाई आत्मनिर्भर बनाउने नीति अवलम्बन गरिने छ ।

## आर्थिक विकास

२०. मोदी गाउँपालिकाका विभिन्न ४ स्थानलाई उत्पादनमुलक **मोदी नमुना कृषि प्राङगरिक गाउँको** रुपमा विकास गरिने नीति लिइनेछ । जसबाट करिव १०० घरपरिवार व्यवसायिक कृषितर्फ उन्मुख हुने वातवरणको सिर्जना हुनेछ ।

२१. मोदी गाउँपालिकामा बाँझो जग्गाको तथ्याङ्क संकलन तथा एकीकृत गरी उत्पादनको लागि कृषकलाई सहज रुपमा उपलब्ध गराउने उदेश्यले **भुमी बैंकको स्थापना** गरिनेछ । बाझो जग्गाको उपयोग गर्ने कृषकलाई निश्चित मापदण्डको आधरमा नगद अनुदान तथा साना सिंचाई सुविधा दिइने नीति लिइनेछ ।

२२. मोदी गाउँपालिकालाई तरकारी, मासु, दुध, अण्डा आदीमा आत्मनिर्भर बनाउने नीति लिइनेछ । जसको लागी उत्पादन तथा ढुवानीमा अनुदान दिने र मोदी गाउँपालिका स्तरीय **कृषिउपज संकलन केन्द्र र शीत भण्डारको** स्थापना गरिनेछ ।

२३. कृषकहरुको जोखिम न्यूनिकरणको लागी **कृषि तथा पशु विमा कार्यक्रम** सञ्चालन तथा कृषक राहत कार्यक्रम सञ्चालन गरिएको हुनेछ ।

२४. कोभिड १९ को कारण विदेशबाट फर्किएर आई बेरोजगार बनेका यूवाहरुलाई स्वरोजगार बनाउन **कोभिड विशेष यूवा लक्षित कार्यक्रम** सञ्चालनमा ल्याइनेछ ।

२५. कृषि र पशुपंक्षी उत्पादनलाई बढावा दिनका लागि कृषि क्षेत्रको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति, रणनीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२६. कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषक समूह, कृषि उद्यमी, कृषि कम्पनी र कृषि सहकारीलाई कृषि आय र प्रतिफलका आधारमा अनुदान प्रोत्साहन गरिनेछ ।

२७. सार्वजनिक नीजि साझेदारीमा **एक वडा एक नमूना व्यवसायिक कृषि तथा पशु विकास कार्यक्रम** सञ्चालन गर्ने नीति लिईनेछ ।

२८. पर्यटन सेवाका लागि आबश्यक पर्ने अर्गानिक उत्पादन, जडीबुटी खेती, संकलन र प्रशोधन उद्योगको स्थापना गर्ने नीति लिइनेछ । बाँझो जमीनलाई ब्यवस्थापन गर्न जडिबुटी नर्सरी र जडिबुटी खेतीलाई प्रोत्साहन गरिने छ ।

२९. कृषि र पशुपालनमा नमुना व्यवसायिक फर्म सञ्चालन गरिनेछ । युवा कृषकलाई कृषिमा आकर्षित गर्न उत्प्रेरित गरिनेछ । विपन्न वर्गको उत्थान र लक्षित समूहलाई सहयोग हुने कृषि तथा पशु विकास कार्यक्रमलाई जोड दिइनेछ ।

३०. कृषि बजारमा रहेका बिचौलिया प्रवृत्तिको अन्त्य गरी कृषि उत्पादनमा कृषक र उपभोक्ताको सीधा सम्पर्कको लागि कृषि सहकारीलाई सबलीकरण गरी **सुपथ मुल्य पसलहरु** सञ्चालन गरिनेछ ।

३१. कृषि उत्पादनमा बृद्धि गर्न परियोजनाका आधारमा साना र नयाँ प्रविधिमा आधारित सिंचाईमा पूँजीगत अनुदान उपलब्ध गराइनेछ ।

३२. सहकारी एवम् सामुहिक खेती प्रणालीको नीति अवलम्वन गरिनेछ । सहकारी संस्थामा रहेको बचतलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न एक सहकारी एक नमूना उत्पादन तथा ठूला फार्म संचालन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

३३. सहकारीको अनुगमन निरीक्षण, सहकारी सचेतना, सहकारी शिक्षा तथा तालिम, उद्यमशीलता र नेतृत्व विकास गरी सहकारीलाई समृद्धिका लागि वित्तीय लगानी कर्ताको रुपमा प्रबद्र्धन गरिनेछ ।

३४. गरीव, उत्पीडित, विपन्न वर्ग र समुदायको आयआर्जनका लागि **युवा स्वरोजगार कार्यक्रम** सञ्चालन गरिनेछ । स्वरोजगारमूलक उद्योग एवम् व्यवसाय स्थापना गर्न आवश्यक पर्ने अनुदान र सीपमूलक तालिम प्रदान गरिने व्यवस्था मिलाईनेछ ।

३५. पर्यटन क्षेत्रको एकिकृत विकास गर्न स्पष्ट कार्ययोजना सहितको पर्यटन विकास गुरुयोजना तयार गरिनेछ । साथै आवश्यकता अनुसार पर्यटन पूर्वाधारको डि.पि.आर.समेत तयार गरिने छ

३६. धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थलको संरक्षण र पूर्वाधारको विकास गरिनेछ । पर्यटकीय पूर्वाधारको विकास निर्माण गर्दा वातावरणीय संरक्षण गर्ने नीति लिइनेछ ।

३७. पर्यटन व्यवसायको विविधीकरण र विस्तारबाट नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गर्दा पर्यापर्यटन र ग्रामीण पर्यटनमा जोड दिइनेछ ।

३८. विभिन्न ग्रामीण पर्यटन केन्द्र, होमस्टे, पदमार्ग र यात्रालाई संरक्षण, सम्बर्द्धन सौन्दर्यीकरण र विकास गर्दै पर्यटकीय गन्तव्यको प्रवर्द्धन गरिनेछ ।

३९. पर्यटन व्यवसायको बजारिकरण गर्न आधुनिक सूचना प्रविधिको उपयोग गरिनेछ । पर्यटक आकर्षणका लागि प्रचार प्रसार तथा सूचनाको प्रवाह गर्न **पर्यटन सेवा सूचना केन्द्रको** स्थापना गर्दै लगिनेछ । पर्यटकीय स्थानमा विस्तृत एतिहासिक विवरण सहितको होर्डिङ बोर्ड र पर्यटकीय स्थानहरुको सम्पूर्ण विवरण सहितको बुकलेट तयार गरिने छ ।

४०. उत्पादन बृद्धि, रोजगारी सृजना र गरीवी न्यूनीकरणमा टेवा पु याउने साना तथा मझौला उद्योगमा विशेष जोड दिइनेछ । परम्परागत ज्ञान, स्थानीय सीप, प्रविधि र कच्चा पदार्थमा आधारित घरेलु साना तथा लघु उद्योगलाई प्रवर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ ।औद्योगिक उत्पादनमा बृद्धि गरी उपभोग्य वस्तु तथा सेवामा क्रमशः आत्मनिर्भर हुने नीति लिइनेछ।

४१. स्थानीयस्तरमा उत्पादित वस्तु तथा सेवाको उपभोगलाई प्राथमिकता र प्रोत्साहन दिइनेछ ।

४२. गाउँपालिकामा रहेका खानी तथा खनिज पदार्थको अन्वेषण, उत्खनन, प्रशोधन र प्रयोगमा जोड दिइनेछ ।

४३. नदीनाला, तालतलैया, वन जंगल, जडीबुटी, खनिज स्रोतको बहुआयामिक प्रयोगका साथै उत्पादन बृद्धि, रोजगारी सृजना र आयआर्जनमा जोड दिइनेछ ।

४४. युवा लक्षित कोषबाट युवा उद्यमशीलताका कार्यक्रम सञ्चालन गरिनेछ । गरीव, दलित र पछि परेका समुदायलाई विषेश प्राथमिकतामा राखिने छ ।

४५. अत्यावश्यक सेवा तथा वस्तु सहज, सुलभ र नियमित रुपमा उपलब्ध गराउन सार्वजनिक, नीजि तथा सहकारी क्षेत्रलाई सहभागी गराउदै उपभोक्ता हित संरक्षण तथा प्रवर्द्धन गरिने व्यवस्था मिलाइनेछ ।

४६. मोदी गाउँपालिकाभित्र उपभोग हुने खाद्यवस्तुको गुणस्तर परीक्षण गर्नका लागि अध्ययन शुरु गरिनेछ । गाउँपालिका भित्रको बजार अनुगमन प्रणाली तर्फ नियमित र व्यवस्थित गरिने छ ।

४७. मर्यादित श्रम र समान कामको समान पारिश्रमिकको अन्तरास्ट्रिय प्रतिवद्धता कार्यान्वयन गर्दै हरेक क्षेत्रमा रहेका श्रमिकको सीप र दक्षतालाई मापन गरी सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ ।

४८. संघ, प्रदेश, गाउँपालिका र नीजि क्षेत्रको सहभागितामा जल विद्युत उत्पादनलाई प्राथमिकता दिइनेछ ।

४९. गाउँपालिकाका सबै नागरिकमा विद्युतको पहुँच पुऱ्याउन जलविद्युत तथा वैकल्पिक ऊर्जाको माध्यमबाट उज्यालो गाउँपालिका कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ ।

५०. पूर्णरुपमा विद्युतीकरण भैसकेको यस मोदी गाउँपालिकामा सामुदायिक विद्युतीकरण अन्तर्गतका केही काठेपोल प्रयोग भएको र ती जीर्ण भैसकेकोले प्रदेश सरकारको समन्वयमा काठेपोल विस्थापनको नीति लिइने छ ।

**सामाजिक विकास**

५१. सबै प्रकारका वर्गिय, धार्मिक, लैङ्गिक तथा जातिय विभेद, वञ्चितीकरण र असहिष्णुताको अन्त्य गरी समन्यायिकरुपमा समृद्ध समाज निर्माण गर्ने मोदी गाउँपालिकाको नीति रहेकोछ । अवसरमा पछि परेका र पछाडि पारिएका समुदाय, क्षेत्र, लिंग र वर्गलाई विकासको मूल प्रवाहमा ल्याउन यस गाउँपालिका दृढ रहेको छ । छुवाछुत प्रथा जस्तो मध्यकालीन सामन्ती सोच र विचारलाई बदल्न गाउँपालिकाले जागरणमूलक कार्यक्रमहरु विभिन्न सामाजिक संघसंस्थाहरुको सहयोगमा सञ्चालन गर्नेछ । यसलाई सामाजिक अपराधको दायराभित्र ल्याउन गाउँपालिका प्रतिबद्ध छ ।

५२. गाउँपालिकाको विकास र समृद्धि हासिल गर्न नागरिक अधिकार, सबैलाई समान अवसर, मजवुत सुरक्षा र सम्मान सहितका स्तम्भमा आबद्ध गराउँदै सबल र समृद्ध गाउँपालिका निर्माण गरी **समृद्ध नेपाल, सुखी नेपाली** को राष्ट्रिय अभियानलाई अनुभूत देखिने गरी सार्थक बनाईनेछ ।

५३. समाजबाद उन्मुख अर्थव्यवस्थाको लक्ष्य र उद्देश्य हासिल गर्नका लागि यो नीति तथा कार्यक्रमले मार्गनिर्देश गर्नेछ । आर्थिक विकासमा सहभागी हुने, योगदान गर्ने र प्रतिफल प्राप्त गर्ने अवसर गाउँपालिकाभित्रका सबै नागरिकलाई समन्यायिक रुपमा उपलब्ध गराईनेछ ।

५४. शिक्षा क्षेत्रमा आमुल परिवर्तन गर्नको लागी शैक्षिक गुणस्तर सुधारमा यथेष्ट लगानी गर्ने नीति लिइने छ । शिक्षक दरबन्दी नभई पठनपाठनमा असहज भएका विद्यालयहरुलाई अनुदान स्वरुप रकम उपलब्ध गराउने नीतिलाई निरन्तरता दिदै थप दुईवटा विद्यालयमा अनुदान रकम थप गरिनेछ ।

५५. केन्द्र सरकार सँगको सहलगानीमा मोदी ५ मा अवस्थित महेन्द्र शिखरी माविको भौतिक पुर्वाधार निर्माणको काम अगाडि बढाइने छ भने राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणसँगको समन्वयमा १० वटा विद्यालयहरुको भौतिक सरचना निर्माण गरिनेछ ।

५६. विगत देखी सम्बोधन हुन नसकेको शिक्षाको आधार कक्षाको रुपमा रहेको बाल कक्षा सहजकर्ताको पारिश्रमिक अत्यन्तै न्यून रहेकोले उनीहरुलाई प्रोत्साहन स्वरुपम थप रकम अनुदान उपलब्ध गराउने नीति लिइने छ ।

५७. प्रावि तहमा अङ्ग्रेजी माध्यममा अध्ययन अध्यापन गराउने विद्यालयलाई अङ्गेजी पाठ्यपुस्तक खरिदमा अनुदान उपलब्ध गराउने नीति लिइने छ।

५८. विद्यालयमा विद्यार्थीको सहज पहुँचको लागि थप एक स्थानमा स्कुल बसको व्यवस्था गरिने नीति लिइने छ।

५९. गाउँपालिकाको एकमात्र क्याम्पस नवजागृत बहुमुखी क्याम्पसको सुदृढिकरणमा जोड दिइनेछ।

६०. **समृद्ध समाज विकासको मुख्य पूर्वाधार गुणस्तरीय वैज्ञानिक एंव प्राविधिक शिक्षामा हाम्रो सरोकार** नीति अनुरुप सीपयुक्त जनशक्ति उत्पादनको लागि प्राविधिक तथा व्यवसायिक शिक्षाको लागि प्राविधिक विद्यालय स्थापना र संचालनमा निरन्तरता दिने कार्य गरिनेछ। दलित वालवालिकालाई प्राविधिक शिक्षामा जोड दिइने छ। साथै गाउँपालिकामा सङगित, भाषा, खेलकुदको पढाई हुने विद्यालयहरुको स्थापनामा जोड दिइनेछ।

६१. पढ्ने वानीको विकास गर्न मोदी गाउँपालिकाको केन्द्रमा एक सार्वजनिक पुस्तकालय स्थापना गर्ने नीति लिईनेछ।

६२. नमुना विद्यालय स्थापनामा जोड दिइने छ। शैक्षिक गुणस्तर अभिबृद्धिका लागि प्रबिधिमैत्री शिक्षा नीति लिइने छ। उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी र विद्यालयलाई पुरस्कारको ब्यवस्था गरिनेछ। सामुदायिक विद्यालयका शिक्षकहरुको बालबालिकाको तथ्याङ्क संकलन गरिने छ।

६३. विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्न गाउँपालिकालाई सबलीकरण गरिनेछ। शिक्षकको सिकाई सीपमा सुधार ल्याउन तालिम र विद्यार्थीको सिकाई परिक्षण गर्ने व्यवस्था गरिनेछ। विद्यालयको सम्पत्ती र सार्वनजिक सम्पत्ती संरक्षण गर्ने नीति लिइने छ।

६४. मोदी गाउँपालिकाले संघीय सरकारको सह लागानिमा पन्ध्र शैयाको अस्पताल निर्माणको योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

६५. सिकिस्त घाइते तथा आकष्मिक अवस्थाका बिरामिहरुलाई समयमै उच्च तहका अस्पतालहरुमा प्रेषण गर्ने कार्यमा सहयोग पुराउन एम्बुलेन्स सेवाको थालनि गरिनेछ।

६६. गाउँपालिकाका बिभिन्न ४ स्थानमा गुणस्तरीय स्वास्थ्य प्रयोगशालाको स्थापना तथा संचालन गरि स्थानिय स्वस्थ्य संस्थाबाटनै प्रयोगशालाबाट उपलब्ध न्युनतम सेवा प्रदान गर्ने नीति लिईनेछ। यस अभियानलाई चरणवद्वरुपमा आगामि आर्थिक वर्षहरुमा अन्य स्वास्थ्य संस्थाहरुमा बिस्तार गर्ने नीति लिईनेछ।

६७. गाउँपालिकाका ३ नया स्थानहरुमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी आधारभुत स्वस्थ्य सेवा सबै जनाको पँहुच हुने गरि व्यवस्था गरिनेछ।

६८. गाउँपालिकाका सबै नागरिकलाई स्वस्थ्य बिमामा आवद्द गराइनेछ भने मापदण्डका आधारमा बिपन्न नागरिकहरुको चरणबद्द रुपमा निशुल्क स्वस्थ्य बिमा गर्ने नीति लिइनेछ।

६९. स्वस्थ्य संस्थाहरुबाट हुने सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्ने क्रियाकलापहरुमा जोड दिइनेछ।

७०. सबै टोल विकास समितिहरुलाई बिरामि तथा घाइतेहरुको शिघ्र उपचारको लागि बिरामी ओसार्ने स्ट्रेचर हस्तान्तरण गरिनेछ।

७१. सुरक्षित गर्भपतन सेवाको विस्तार र सुरक्षित गर्भपतन सम्बन्धि सचेतनामुलक कार्यक्रम संचालन गरिने छ।

७२. **वैयक्तिक तथा सामुदायिक स्वास्थ्यमा सबैको ध्यान, गुणस्तरीय स्वास्थ्य सेवाको सर्वसुलभता हाम्रो अभियान** अनुरुप सबै वडामा स्वास्थ्य संस्थाको स्तरोन्ती र दुर्घम स्थानमा सामुदायिक स्वास्थ्य ईकाइ गठन गर्ने नीति लिईने छ।

७३. केन्द्र तथा प्रदेश सरकार सँगको साझेदारीमा वडा न ४ र वडा न २ मा स्वास्थ्यचौकी भवन नर्माण सम्पन्न गरिनेछ।

७४. स्वास्थ्य संग सम्बन्धित सुरक्षित मातृत्व तथा नव शिशु सम्बन्धी कार्यक्रम संचालनको साथै प्रदेश र संघको सहकार्यमा स्वास्थ्य विमा गरिनेछ। आर्थिक अभावका कारण स्वास्थ्य उपचार सेवा पाउन नसकेका अपाङ्ग, असहाय, अशक्त, गर्भवती, सुत्केरी, जेष्ठ नगरिक र विपन्न वर्गको उपचारको लागि मापदण्ड बनाई सहयोग प्रदान गरिने छ। मुटु तथा क्यानसर जस्ता रोगहरुबारे सचेतना कार्यक्रमहरु र उपचारका लागि शिविर सञ्चालन गरिने छ।

७५. अति विपन्न, गर्भवती महिला र बालबालिकाको पोषण स्थितीमा सुधार ल्याउन बहुपक्षीय पोषण सुधार कार्यक्रम समन्वयात्मक रुपमा संचालन गरिनेछ।

७६. नागरिकको स्वास्थ्यमा प्रतिरोधात्मक र निरोधात्मक क्षमता सुधार गर्न महिला, शिशु र बालबालिकालाई पूर्ण खोपको प्रत्याभुती दिनको लागि खोप कोषबाट कार्यक्रम संचालान गरिनेछ।

७७. आयुर्वेद चिकित्सा पद्धतिमा प्रयोग हुने जडीबुटी संरक्षण, उत्पादन, प्रबद्र्धनको कार्यक्रम संचालन गरिनेछ।

७८. विभिन्न अस्पतालहरुको सहकार्यमा टेलिमेडिसिन कार्यक्रम संचालन गरिनेछ।

७९. गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गरिने छ। गाउँपालिका आफैले गाउँपालिका स्तरीय श्रम बैंकको स्थापना गर्नेछ जसमा विभिन्न सीपयूक्त जनशक्तिको बर्गीकरण गरी सुचिकृत गरिनेछ। गाउँपालिकामा सञ्चालित हरेक योजनालाई श्रममुलक प्रविधिबाट सञ्चालन गरि श्रमबैकबाट श्रम शक्ति परिचालन हुने गरि आवश्यक प्रवन्ध मिलाईने छ। गाउँपालिकामा सञ्चालित केन्द्र तथा प्रदेश सरकारका आयोजनामा समेत श्रमबैंकबाट जनशक्तिको प्रयोग हुनेगरी आवश्यक समन्वय गरिने छ।

८०. गाउँपालिकाका वडाहरुलाई क्रमश बालमैत्री वडा निर्माण गर्दै गाउँपालिकानै बालमैत्री स्थानीय तह घोषणाको अभियानमा लाग्ने नीति लिइने छ। साथै गाउँपालिकाका विभिन्न कार्यक्रमहरुमा यूवा परिचालनको नीति समेत लिइने छ।

८१. आगामी ३ वर्षमा खानेपानी नपुगेका गाउँ बस्तीमा आधारभूत खानेपानीको सूविधा पुर्याइने छ।प्रदेश तथा संघको सहकार्यमा **एक घर एक धारा कार्यक्रम** संचालन गर्न र स्वच्छ खानेपानीको पहुँच अभिबृद्धीका लागि लागत सहितको गुरुयोजना (डि.पि.आर.) तयार गरिनेछ।

८२. महिलाको सक्षमता र पहुँच विकासबाट मोदीको रुपान्तरण, शिक्षा, स्वरोजगार अनि उद्यमशीलता मार्फत, महिला सशक्तिकरण गर्ने नीति अवलोकन गरिने छ।

८३. शिक्षा स्वास्थ्य एंव रोजगारको क्षेत्रमा विशेष व्यवस्था, जनचेतना र सशक्तिकरण मार्फत परिवर्तन गर्दा दलितको अवस्था नीति अनुरुप दलितको उत्थान गर्ने नीति लिईने छ।

८४. **फरक क्षमता भएका अपाङ्गहरुलाई हरेक क्षेत्रमा प्राथमिकता र समानता अपाङ्गमैत्री पूर्वाधार विकास र सामाजिक सुरक्षामा हाम्रो प्रतिवद्धता** लिईने छ। गाउँपालिका भित्र निर्माण हुने अस्पताल, शिक्षण संस्था र सबै किसिमका सार्वजनिक पूर्वाधारहरु अपाङ्गमैत्री र बालमैत्री बनाईनेछ।

८५. आर्थिक स्रोत र सधानमा पहुँच पुर्याई विपन्न तथा अति विपन्न परिवारको जीवनस्तरलाई उकास्ने नीति लिईनेछ

८६. हिंसा पिडित महिला तथा बालबालिकाहरुलाई सहयोग गर्ने नीति लिइनेछ।

८७. महिला तथा बालबालिकामा हुने घरेलु हिंसा, लैङ्गिक हिंसा, श्रम शोषण, बालविवाह, मानव वेचविखन, शारीरिक तथा मानसिक यातना लगायतका सबै खाले हिंसाको अन्त्यको लागि कार्यक्रम संचालन गरिनेछ।

८८. संघ र प्रदेशसंगको सहकार्यमा हिंसा पिडित महिला, बेवारिसे र श्रमिक बालबालिकाको व्यवस्थापनका लागि पुनस्थापना केन्द्र स्थापना गरी संचालनमा ल्याउन आवश्यक कार्य शुरु गरिने छ।

८९. गाउँपालिका स्तरमा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाबाट संचालन हुने सबै कार्यक्रमलाई गाउँपालिकाबाट स्वीकृति दिई, पारदर्शी, दिगो र जनताको हितमा हुने गरी संचालन गर्ने व्यवस्था मिलाइनेछ।

९०. युवालाई राष्ट्र र गाउँको विकास एवं समृद्धि प्रति जिम्मेवार र नैतिकवान बनाउन युवा नीति ल्याइनेछ।

९१. वातावरण संरक्षण,गाउँ बस्ती सफाई एवं विपद व्यवस्थान र गाउँपालिका सेवा तथा कार्यमा युवा स्वयंसेवकको परिचालन गरिनेछ।

९२. गाउँपालिकाका बिभिन्न जनजातिहरुको इतिहास, धर्म, संस्कृति, भाषा र लिपिको महत्व झल्काउने संग्रहालय स्थापनामा जोड दिइनेछ।

**पूर्वाधार विकास**

९३. गाउँपालिकामा लगानी मैत्री वातावरणको सिर्जना गरिनेछ। उर्जा, पर्यटन, कृषि, वन, उद्योग र भौतिक पूर्वाधार विकासलाई आर्थिक समृद्धिको इन्जिनको रुपमा विकास गरिनेछ। साथै उच्च र तत्काल आर्थिक प्रतिफल प्राप्त हुने क्षेत्रमा नीजि र सहकारी क्षेत्रको लगानीलाई प्रोत्साहित गरिनेछ। प्रदेश सरकारको सहलगानीमा उद्योग ग्राम स्थापनाको नीति लिइने छ ।

९४. प्रदेश सरकारसँगको सहलगानीमा गाउँपालिकाको सुविधासम्पन्न भवन निर्माण सम्पन्न हुनेछ। त्यस्तै चालु आर्थिक वर्षमा विनियोजन भएका २ वटा वडा कार्यालय समेत आगामी आर्थिक वर्षमा सम्पन्न हुने गरी निर्माण अगाडि बढाईने छ।

९५. चालु आर्थिक वर्षमा सुरु भएका दुई वटा बहुउदेश्यीय सभाहल तथा दुई वटा खेलग्रामहरु आगामी बर्षमा सम्पन्न हुनेछन ।

९६. संघ र प्रदेश सरकारसंगको साझेदारीमा गाउँपालिका केन्द्रबाट वडा केन्द्रसम्म पुग्ने सडकलाई ५ वर्षभित्र कालोपत्रे सडक बनाउने नीति लिइएकोछ । सडकहरुको वर्गीकरण र अधिकरणक्षेत्र कायम गरी क्रमशः स्तरोन्नती गर्दै वर्षमा एक वटा सडकलाई व्यवस्थित गर्दै जाने नीति लिईने छ । संघ र प्रदेशको सहलगानीमा संभाव्य मोटेरेबल पुल र सडकको डिपिआर तयार गरिने छ ।

९७. गाउँपालिका स्तरीय सडकमा वर्षै भरी यातायात संचालन गर्न सडकको स्तरोन्नती र सडक पुलको निर्माणलाई प्राथमिकता दिईनेछ । दुर्गम गाउँ बस्तीमा पहुँच पुर्याउन झोलुङ्गे पुल निर्माणमा जोड दिईने छ ।

९८. गाउँपालिकाभित्रका नदी नियन्त्रण तथा पहिरो रोकथाममा जोड दिईनेछ । विकास निर्माणका आयोजनाहरु निर्माण गर्दा ती आयोजनाहरुले उत्पन्न गर्ने वातावरणीय प्रभाव, जोखिम, सम्भावित नोक्सानीहरुको अध्ययन पश्चात मात्र आयोजनाहरु कार्यान्वयन गर्ने नीति अवलम्बनमा जोड दिइनेछ ।

९९. अति विपन्न र सीमान्तकृत वर्गका लागि सुरक्षित आवासको विकास गरिनेछ । अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, जोखिममा रहेका बालबालिका तथा व्यक्तिका लागि सामाजिक सुरक्षाको व्यवस्था गर्ने, भूमिहीनहरुको व्यवस्थापनको लागि कार्यक्रम बनाउने नीति लिईने छ । दलित वस्ती तथा दलितका बालबालिकाको बाहुल्यता रहेका विद्यालयहरुलाई विशेष सहयोग गरिनेछ ।

## वन तथा वातावरण तथा विपद व्यवस्थापन

१००. वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन बृद्धि गर्न समृद्धिका लागि वन कार्यक्रम लागु गरिनेछ । जडीबुटी, कृषि वन तथा गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती र उत्पादन बृद्धिलाई प्रोत्साहन गरी मोदी गाउँपालिकालाई **जडिबुटी जोन**कोरुपमा विकास गरिने छ ।

१०१. गाउँपालिकाभित्र रहेका तालतलैया नदी र खोलाहरुबाट हुने जोखिम न्यूनीकरण गर्नका लागि मोदी एकिकृत जलधार संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ । पातिखोला, रतिखोलामा नदी संरक्षण बाँधको लागी सम्भाव्यता अध्ययन तथा प्रदेश सरकार सँगको साझेदारीमा कार्य अगाडि बढाइने छ ।

१०२. जलवायु अनुकूलित गाउँपालिका, प्रदुषण न्यूनीकरण र दिगो विकासका लागि वातावरणमैत्री नीति लिइनेछ । प्रदेशको सहकार्यमा **एक गाउँ एक पोखरी** निर्माणको नीति अवलम्बन गरि पुनर्भरण पोखरीहरु निर्माण गरिने छ । पंचासे ताल संरक्षणलाई विशेष जोड दिइने छ ।

१०३. मोदी गाउँपालिकाको जलजलामा ताल निर्माणको लागि विस्तृत साम्भाव्यता अध्ययन गर्ने कार्य यसै वर्ष पुरा भएको र आगामी वर्ष केन्द्र तथा प्रदेश सरकारको लगानीका कामको थालनी गरिने छ ।

१०४. मोदी गाउँपालिकाको विपद प्रतिकार्य योजना कार्यान्वयनमा ल्याईने छ । जलवायु परिवर्तनको असरलाई कम गर्न अनुकुलन योजना तयार गरी लागु गरिने छ ।

१०५. प्राकृतिक स्रोतको उपयोग र व्यवस्थापनको कानून र मापदण्डका आधारमा अनियन्त्रित र अवैध दोहनलाई नियन्त्रण र नियमन गरिनेछ ।

१०६. सफा वातावरण, स्वच्छ जीवन कार्यक्रमलाई प्रदेश सरकारसंग समन्वय गरी अभियानको रुपमा अगाडी बढाइनेछ । स्वच्छ र हरियाली वातावरणका लागि सार्वजनिक स्थलमा बृक्षारोपण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । मोदी गाउँपालिकालाई सफा र हरियाली युक्त गाउँपालिका बनाउने नीति अवलम्बन गरिने छ ।

१०७. गाउँपालिकामा विपद् व्यवस्थापन कोष खडा भई संचालनमा आइसकेको छ । विपदको बेला खोज, उद्धार, राहत र पुनर्लाभ गर्न ठूलो रकमको आवश्यकता पर्ने हुँदा यस कोषमा योगदान गर्न नागरिक, गैर आवासीय नेपाली र निजी क्षेत्रलाई आव्हान गरिनेछ । विपद् व्यवस्थापन कोषमा जम्मा भएको रकम विपद पछिको खोज, उद्धार, राहत र पुनर्लाभमा मात्र खर्च गरिनेछ ।

१०८. विपदका दृष्टिले जोखिम क्षेत्रको पहिचान गरी वैज्ञानिक नक्शांकन गरिनेछ । सुरक्षित स्थानहरुको पहिचान गरी खुला क्षेत्र घोषणा गरिनेछ ।

१०९. गाउँपालिकामा रहेका घरका खरका छानाहरुलाई विस्थापन तथा पूराना घुमाउने घरको संरक्षण गर्ने नीति लिइनेछ ।

**संस्थागत विकास , सेवा प्रवाह तथा सूशासन**

११०. गाउँपालिकामा संस्थागत संयन्त्रको स्थापना गरी सार्वजनिक सेवालाई पारदर्शी, जवाफदेही, उत्तरदायी र नागरिक मैत्री बनाइनेछ । गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाको गुणस्तर सुनिश्चित गरिनेछ । सुशासनका लागि सार्वजनिक सेवा प्रवाहलाई सरलीकृत गरिनेछ ।

१११. नीति निर्माण, सेवा प्रवाह र विकास आयोजना कार्यान्वयन गर्ने निकाय र जनशक्तिको व्यवस्थापकीय र प्राविधिक क्षमता अभिवृद्धि गरिनेछ ।

११२. भ्रष्टाचार जन्य क्रियाकलापमा शुन्य सहनशीलताको अवधारणाका माध्यमबाट सुशासनमा टेवा पुर्याइनेछ । सदाचार प्रवर्द्धन हुने गरी सार्वजनिक पदाधिकारीलाई जिम्मेवार बनाइनेछ । सरकारी सेवालाई नागरिकको अपेक्षा अनुरुप कार्य गर्न विद्युतीय सुशासनमा जोड दिइनेछ ।

११३. संघ र प्रदेशको सहकार्यबाट संविधानको एकल र साझा अधिकारसूचीको कानून तर्जुमा गरिनेछ ।

११४. गाउँको सुरक्षा व्यवस्थालाई सुदृढ र प्रभावकारी बनाइनेछ । गाउँ प्रहरीको गठन, आवश्यक पूर्वाधार निर्माण, आधुनिकीकरण र व्यावसायीकरण गरी अपराध नियन्त्रण गरिनेछ ।

११५. गाउँपालिकाका सबै जनप्रतिनिधि र कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्न गाउँपालिकाको तालिम नीति र तालिमको आवश्यकता पहिचान गरी क्षमता विकासका लागि तालिम संचालन गरिनेछ ।

११६. गाउँपालिकाको तथ्यांक तथा सूचना संकलन, भण्डारण, विश्लेषण तथा सम्प्रेषणलाई अद्यावधिक गरी वस्तुगत बनाइने नीति लिइनेछ।

११७. नागरिकको गुनासो सुनुवाई र सम्बोधन गर्ने कार्यक्रम संचालन गरिनेछ।

११८. गाउँपालिका भित्रका विकास योजना, नीति, कार्यक्रम, आयोजना तथा सेवाप्रवाहको कार्यान्वयन पक्षलाई प्रभावकारी, नतिजामुखी, गुणस्तरीय, जवाफेदेही पूर्ण बनाउन अनुगमन र मूल्यांकन प्रणालीको विकास गरिनेछ।

११९. गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुलाई प्रविधि मैत्री वनाई डिजिटल कार्यालयकोरुपमा विकास गर्दै लगिने छ। सेवा प्रवाहर गुनासो ब्यवस्थापनमा पनि आधुनिक प्रविधिको प्रयोग गरिने छ।

**गाउँ सभाका सदस्यज्यूहरु**

१२०. संघीय लोकतान्त्रिक गणतन्त्रले राष्ट्रका साझा लक्ष्य र उद्देश्य प्राप्तिका लागि सहकार्य र समन्वयको अपेक्षा गर्दछ। यसले स्वतन्त्रता, कार्यक्षमता अभिवृद्धि गर्न, विविधता सहितको बहुलता र प्रतिस्पर्धालाई स्वीकार गर्दछ। संघीयताले शान्ति र सुरक्षा कायम गर्न साझा मूल्य र मान्यता स्थापित गर्न प्रोत्साहित गर्दछ। गरिबी न्यूनीकरण, भोकमरीको अन्त्य, रोजगारीको सिर्जना, आर्थिक समुन्नति र समृद्धिका लागि पनि शान्ति र स्थीरता आवश्यक पर्दछ। यी हाम्रा साझा लक्ष्य साझा दायित्व र साझा चुनौतीको सामना गर्न संघीय र प्रदेश सरकारको समन्वय र अभिभावकत्वमा मात्र पूरा गर्न सकिन्छ। राष्ट्रिय कार्यभार र लक्ष्य हासिल गर्नमा गाउँपालिकाको महत्वपूर्ण र सार्थक भूमिका रहनेछ।

१२१. नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन समन्यायिक र समतामूलक समाजको निर्माण गर्नका लागि संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढिकरण गर्न जरुरी छ। सुशासन र विकासका लागि जवाफदेही सरकारका माध्यमबाट आम नागरिकको विश्वास र भरोसा जित्न सकिन्छ। मोदी गाउँपालिकाले जनताका वास्तविक समस्याहरुलाई सम्बोधन गर्दै जनप्रिय काम गरेर लोकप्रिय हुन चाहन्छ।

१२२. नेपाली जनताको त्याग, संघर्ष र बलिदानीबाट प्राप्त भएको वर्तमान राजनैतिक उपलब्धिको संरक्षण र संस्थागत गर्ने जिम्मेवारी सबै नागरिक र स्थानीय तह, प्रदेश र संघीय सरकारको काँधमा आएको छ। यो उपलब्धिलाई गाउँपालिकाबाट जनताले अनुभूति गर्ने गरी उन्नत र नागरिकमैत्री बनाउँदै समृद्ध गाउँपालिका निर्माणका सहभागी हुन जनप्रतिनिधि, राजनैतिक दल, निजी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, सञ्चार जगत एवं सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक अनुरोध गर्दछु। पुन कोरोना भाइरसको रोकथाम र नियन्त्रणमा सवै पक्षको पूर्ण सहयोगको अपेक्षा र उक्त महामारी अन्त्यको शुभेच्छा सहित सबै पक्षप्रति हार्दिक धन्यबाद समेत प्रकट गर्दछु।

**धन्यवाद।**

**प्रेम शर्मा पौडेल**
**अध्यक्ष**
**मोदी गाउँपालिका**
**पर्वत**